# कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना

महेन्द्रकुमार श्रेष्ठ
परीक्षा क्रमाङ्क २०४००२९/२०६९
त्रि.वि.दर्ता नं. ९-२-२०४-१६-२००७

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत
शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
सुरुङ्गा, झापा
सन् २०१७/२०७४

कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना, महेन्द्रकुमार श्रेष्ठ, २०७४

# कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना


महेन्द्रकुमार श्रेष्ठ
परीक्षा क्रमाङ्क २०४००२९/२०६९
त्रि.वि.दर्ता नं. ९-२-२०४-१६-२००७


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत
शोधपत्र


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
सुरुङ्गा, झापा


सन् २०१७/२०७४

# प्रतिबद्धता पत्र

प्रस्तुत *कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।

_______________

महेन्द्रकुमार श्रेष्ठ

शोधार्थी

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..........................

## निर्देशकको सिफारिस-पत्र

कनकाई बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय स्नात्तकोतर तह नेपाली विषयका छात्र महेन्द्रकुमार श्रेष्ठले *कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना* शीर्षकको शोध मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यप्रति म सन्तुष्ट रहेको छु । यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

*मिति :– ८ अक्टोबर, २०१७*

उपप्रा. विष्णुप्रसाद कोइराला
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापाबाट स्नातकोत्तर दोस्रो वर्षको नेपा.शि ५९८ पाठ्यांशको प्रयोजनका निमित्त शोधार्थी महेन्द्रकुमार श्रेष्ठद्वारा तयार पारिएको *कक्षा तिनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

..............................

उपप्रा. विष्णु प्रसाद कोइराला

शोध निर्देशक तथा विभागीय प्रमुख

..............................

सहप्रा. केशवराज पोखरेल

बाह्य परीक्षक

..............................

सहप्रा. जीवनाथ सुवेदी

विभागीय सदस्य

मिति : १९ नोभेम्बर २०१७ (२०७४/०८/०३)

## कृतज्ञताज्ञापन

नेपाली भाषा शिक्षाअन्तर्गत विशिष्टीकरणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह द्वितीय वर्ष नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना शीर्षकको यो शोधपत्र तयार गरिएको हो ।

आफ्नो व्यस्तताका बाबजुद पनि महत्त्वपूर्ण तथा अमूल्य समय दिएर शोधशीर्षक चयनदेखि लेखनका विभिन्न चरणहरूमा आवश्यक सल्लाह, सुझाव, उत्साह, प्रेरणा तथा प्रत्येक अप्ठ्याराहरूमा सहयोग गर्दै कुशल मार्गदर्शन गर्नु हुने यस शोधपत्रका निर्देशक तथा विभागीय प्रमुख आदरणीय गुरु उपप्राध्यापक विष्णुप्रसाद कोइरालाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधकार्यको थालनीदेखि अन्त्यसम्म विशेष चासो दिएर शैक्षिक सल्लाह, परामर्श र रचनात्मक सहयोगका साथ उपयुक्त वातावरण सिर्जना गर्दै यस शोधपत्रलाई व्यवहारमा उतार्न प्रशासकीय र विभागीय स्वीकृति प्रदान गर्ने विभागीय प्रमुख श्रद्धेय गुरु उपप्राध्यापक विष्णुप्रसाद कोइरालाज्यूप्रति विशेष आभार प्रकट गर्दछु । त्यस्तै सह प्राध्यापक जीवनाथ सुवेदी, सहायक प्राध्यापक तेजप्रसाद खनाल लगायत कनकाई बहुमुखी क्याम्पसका सम्पूर्ण आदरणीय गुरुहरूको उचित सहयोग, सल्लाह र हौसला सधैँ मननयोग्य र स्मरणीय छ । यस अध्ययनका लागि प्रयोग गरिएका विभिन्न सन्दर्भसामग्रीका सम्पूर्ण लेखक, सम्पादक तथा प्रकाशकप्रति श्रद्धापूर्वक आभार प्रकट गर्दछु ।

अनेकौं व्यवहारिक कठिनाइका बाबजुद हौसला र उचित मार्ग निर्देशन गर्दै अक्षर चिनारीदेखि विश्वविद्यालयीय उच्च शिक्षासम्म मलाई ल्याइपुऱ्याउन सफल पूजनीय पितामाताप्रति अन्तर्मनदेखि हार्दिक कृतज्ञ र सदैव ऋणी छु । सुसाङ्ख्य टङ्कण तथा बेन्डिङमा सहयोग गर्नुहुने सौजन्य डेस्कटप बिर्तामोड-१, की मैया बरालप्रति धन्यवाद आभार प्रकट गर्दछु ।

-----------

महेन्द्रकुमार श्रेष्ठ

# शोधसार

*कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना* शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर उपाधिको प्रयोजनार्थ तयार पारिएको हो । यस शोधकार्यको उद्देश्य आन्तरिक/प्राज्ञिक र बाह्य/भौतिक विशेषताका आधारमा कक्षा तीनको मेरो नेपाली किताब र हाम्रो सजिलो नेपालीको तुलना गर्नु रहेको छ ।

यो गुणात्मक प्रकृतिको अनुसन्धान भएकाले शाब्दिक रूपमा तालिका, सूचीपत्र, टिपोटपत्र, प्रश्नावली आदि साधनबाट सङ्कलन गरिएका असाङ्ख्यिक तथ्याङ्कहरूलाई पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूमा आधारित भएर तुलनात्मक विधिबाट विश्लेषण गरिएको छ ।

कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलनात्मक अध्ययनबाट बाह्य/भौतिक पक्षका आवरण, कागजको गुणस्तर, मसीको प्रयोग, छपाइ, बँधाइ जस्ता विशेषताहरू मेरो सजिलो नेपालीमा उपयुक्त रहेको र आन्तरिक/प्राज्ञिक पक्षका विधिको छनोट तथा क्षेत्रगत विविधता, पाठको प्रस्तुतिकरण, भाषा, शब्दभण्डार, नमुना अभ्यास, भाषिक सीप सन्तुलन जस्ता विशेषताहरू नेपाली पाठ्यपुस्तकमा उपयुक्त रहेको देखिन्छ । सबै पाठ्यपुस्तकको सुरुवात कविता विधाबाट भएको र दुवै पाठ्यपुस्तकमा कथा विधाका पाठहरूको अधिक्यता रहेको छ भने नेपाली पाठ्यपुस्तकमा पाठ तथा अभ्यास सङ्ख्या बढी रहेको र सजिलो नेपालीमा चित्र सङ्ख्या बढी रहेको देखिन्छ । नेपाली पाठ्यपुस्तकमा बढी मात्रामा कठिन शब्दहरूको अर्थ दिइएको छ भने सजिलो नेपालीमा अत्यन्तै न्यून मात्रामा कठिन शब्दहरूको अर्थ दिइएको पाइयो । सुनाइ सीपसम्बन्धी अभ्यास दुवै पाठ्यपुस्तकमा निकै कम छन् र दुवै पाठ्यपुस्तकले लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ ।

दुवै पाठ्यपुस्तकमा शैक्षिक सामग्री, सन्दर्भ सामग्री, अतिरिक्त/विशेष शब्दसूची, शिक्षक अभिभावकलाई निर्देशन आदि दिइएको छैन । हाम्रो सजिलो नेपाली पाठ्यपुस्तकमा पाठसँग सम्बन्धित पूर्वज्ञान जाँच्न प्रत्येक पाठ अगाडि पूर्वपठन, पाठ पढिसकेपछि सम्बन्धित पाठबाट विद्यार्थीले सिक्नुपर्ने कुराहरूका बुँदा र प्रत्येक पाठमा अभ्यासको अन्त्यमा सामुहिक कार्य शीर्षकमा पाठसँग सम्बन्धित गतिविधि सञ्चालन गर्न विद्यार्थीहरूलाई

विभिन्न निर्देशनहरू दिइएको छ । प्रस्तुत कुनै पनि व्यवस्था नेपाली पाठ्यपुस्तकमा गरिएको छैन । शिक्षक, अभिभावक र विद्यार्थी तिनै पक्षलाई पाठ्यपुस्तक प्रयोग, उपयोगको तरिका साथै पठन विधि र अभ्यास खण्डमा अभ्यास कसरी गर्ने/गराउने आवश्यक निर्देशन दुवै पाठ्यपुस्तकका पाठहरूमा दिएको भए पाठ्यपुस्तकको प्रभावकारिता अझ बढ्ने थियो ।

प्रस्तुत दुवै पाठ्यपुस्तकको सुरुवात कविता विधाबाट भएको र दुवै पाठ्यपुस्तकमा कथा विधाका पाठहरू बढी रहेका तर चिठी विधामा घरायसी र कार्यालयीय राख्नुपर्नेमा मेरो नेपालीमा चिठी विधालाई नै समावेश नगरेको देखिन्छ भने हाम्रो सजिलो नेपालीमा घरायसी चिठी मात्र राखिएको देखिन्छ ।

## विषयसूची

### अध्याय एक

**परिचय** **१-३**
विषय प्रवेश १
समस्या कथन २
अध्ययनको उद्देश्य २
अध्ययनको औचित्य २
अध्ययनको सीमाङ्कन ३
शोधपत्रको रूपरेखा ३

### अध्याय दुई

**पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा** **४-१७**
पूर्वकार्यको समीक्षा ४
अध्ययनमा पूर्वकार्यको उपयोगिता ५
सैद्धान्तिक अवधारणा ६
पाठ्यपुस्तकको परिचय र परिभाषा ६
भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषण तथा तुलनाका आधारहरू ७
बाह्य/भौतिक आधार ७
आन्तरिक/प्राज्ञिक आधार ९

### अध्याय तीन

**अध्ययनको विधि र प्रक्रिया** **१२-१३**
अनुसन्धानात्मक ढाँचा १२
तथ्याङ्क सङ्कलन १२
अध्ययन विधि/पद्धति १२
तथ्याङ्क सङ्कलन र विश्लेषण विधि १३
अनुसन्धान प्रक्रिया १३

## अध्याय चार

**व्याख्या विश्लेषण** १४-३७

बाह्य/भौतिक आधारमा कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना १४

आन्तरिक/प्राज्ञिक आधारमा कक्षा तीनको मेरो नेपाली किताब (२०७२) र हाम्रो सजिलो नेपाली (२०७१) को तुलना २०

पाठको प्रस्तुतीकरण २७

पाठको विविधता ३०

## अध्याय पाँच

**सारांश, निष्कर्ष, उपयोगिता र सुझाव** ३७-४४

सारांश ३७

निष्कर्ष ३७

उपयोगिता ४०

सुझाव ४१

नीति निर्माण तह ४१

कार्यान्वयन तह ४२

भावी अनुसन्धान तह ४३

सन्दर्भसामग्री

परिशिष्टहरू

शोधार्थी व्यक्तिवृत्त

## तालिकासूची

तालिका नं. ४.१ : कथाको क्षेत्रगत तुलना २२
तालिका नं. ४.२: कविता विधाको क्षेत्रगत तुलना २३
तालिका नं. ४.३ : निबन्ध/प्रबन्ध विधाको क्षेत्रगत तुलना २४
तालिका नं. ४.४ : जीवनी विधाको क्षेत्रगत तुलना २५
तालिका नं. ४.५ : रूपक विधाको क्षेत्रगत तुलना २५
तालिका नं. ४.६ : चिठी विधाको क्षेत्रगत तुलना २६
तालिका नं. ४.७ : शब्दभण्डार र उखानटुक्काको प्रयोग २६
तालिका नं. ४.८ : विधागत पाठको तुलना २८
तालिका नं. ४.९: विधाको क्षेत्रगत तुलना ३१

## सङ्क्षेपसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| नेपा.शि. | नेपाली शिक्षा |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रा.शि.यो.आ. | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| पृ.नं. | पृष्ठ नम्बर |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| रा.शि.प.यो | राष्ट्रिय शिक्षा पद्धतिको योजना |